# नेपाल उद्योग वाणिज्य महासंघको
# ५९ औं वार्षिक साधारण सभाको बन्द सत्रमा महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूबाट प्रस्तुत सम्बोधन

नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्षज्यू,

महासंघका वरिष्ठ उपाध्यक्षज्यू

वस्तुगत तथा एशोसियट उपाध्यक्षज्यू,

प्रदेश उद्योग वाणिज्य महासंघका अध्यक्षज्यूहरु,

कार्यकारिणी समितिका सदस्यज्यूहरु,

जिल्ला/नगर उद्योग वाणिज्य संघका अध्यक्षज्यूहरु एवं प्रतिनिधिहरु,

वस्तुगत संघका अध्यक्षज्यूहरु एवं प्रतिनिधिज्यूहरु,

द्विराष्ट्रिय उद्योग वाणिज्य संघका अध्यक्षज्यूहरु र एशोसिएट सदस्य संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, मुख्य प्रतिनिधिज्यूहरु, प्रतिनिधिज्यूहरु ।

१) नेपाल उद्योग महासंघको ५९ औं वार्षिक साधारण सभामा पाल्नु भएका सबैलाई यस सभाको बन्दसत्रमा हार्दिक स्वागत अभिवादन गर्दछु ।

२) नेपाल उद्योग वाणिज्य महासंघको नयाँ नेतृत्वले कार्यभार सम्हालेको दुई वर्ष पुगेको छ । जतिबेला हामीले महासंघको नेतृत्व लिंदै गर्दा देशको अर्थतन्त्रका सूचकहरु सन्तोषजनक थिएनन् । विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड पछिको अवस्थाले अर्थतन्त्र संकुचनमा थियो ।

३) अर्थतन्त्रलाई चलायमान बनाउन महासंघ निरन्तर त्रियाशील रहेको कुरा यहाँहरुलाई अवगत नै छ । अहिले अर्थतन्त्रमा तुलनात्मक सुधार देखिएपनि निजी क्षेत्रले अपेक्षा गरेअनुरुप अझै चलायमान हुन सकेको छैन् ।

## आदरणीय प्रतिनिधि साथीहरु

४) नेपाल उद्योग वाणिज्य महासंघको ५९ औं वार्षिक साधारण सभामा कार्यकारिणी समितिको तर्फबाट म आफ्नो सम्बोधन मन्तव्य र बार्षिक प्रतिवेदनका मुख्य मुख्य वुँदाहरु यहाँहरु समक्ष प्रस्तुत गर्नेछु । एक वर्षको अवधिमा अर्थतन्त्रमा भएको उतार चढाव र आर्थिक विकास एवं सुधारका लागि महासंघले अवलम्बन गरेको नीति एवं कार्यक्रम एवं तिनको प्रभावहरू यहाँ रहनेछन ।

५) महासंघले मुलतः आफ्ना गतिविधिहरुलाई नीतिगत पैरवी, लगानी प्रवर्द्धन, अन्तराष्ट्रिय एवं राष्ट्रियस्तरमा सम्बन्ध विस्तार, सदस्यलाई दिइने सेवा एवं क्षमता अभिवृद्धि र महासंघको नीतिगत तथा कार्यगत सुधारमा केन्द्रित गरेको अवगत गराउन चाहन्छु ।

६) यस अवधिमा नीजि क्षेत्रले निर्वाध काम गर्न पाउने वातावरण सुनिश्चित गरि लगानी प्रवर्द्धनका लागि कानूनी सुधार र संस्थागत क्षमता अभिवृद्धि तथा महासंघको विधान संसोधनसम्मका विषयमा महासंघले सफलतापूर्वक कार्य सम्पन्न गरेको निवेदन गर्न चाहन्छु ।

७) नीतिगत सुधार र यसमा महासंघको पहलको सन्दर्भमा निजी क्षेत्रलाई पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार भित्र ल्याउने गरि भ्रष्टाचार निवारण ऐन र अख्तियार दुरुपयोग अनुसन्धान ऐन संशोधन विधेयकहरु राष्ट्रिय सभाबाट पारित भई प्रतिनिधी सभामा पुगिसकेको अवस्थामा महासंघले यसलाई परिमार्जन गर्न विशेष पहल गरेको छ ।

८) महासंघको निरन्तरको पहल र पैरवीको फलस्वरुप महासंघ कै सुझाव अनुसारका प्रावधान समेटी  भ्रष्टाचार निवारण ऐन संसदका दुवै सदनबाट पारित भएको छ । यस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्बन्धि ऐनमा समेत निजी क्षेत्रलाई आयोगको क्षेत्राधिकारमा ल्याउने प्रावधान हटाउन संसदको राज्य व्यवस्था समितिमा सहमति भएको जानकारी गराउन चाहन्छु ।

९) यसैगरी लामो समयदेखि अल्झिएको डेडिकेडेट फिडर र ट्रंकलाइन सम्बन्धि विवाद समाधानका लागि महासंघको आग्रहमा आयोग गठन भएको अवगत नै छ । उक्त आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने मन्त्रिपरिषद्ले निर्णय पनि गरेको छ । करिब एक दशकदेखि अल्झिएको यस बिषयमा देखिएको जटिलता समाधान हुनेमा महासंघ विश्वस्त छ ।

१०) सरकारसंगको निरन्तर नीतिगत पैरवीका क्रममा विद्यमान आर्थिक सिथिलताबाट सुधार गरि अर्थतन्त्र चलायमान बनाउनुका साथै मध्य र दीर्घकालीन रुपमा नयाँ चरणको आर्थिक सुधारका लागि महासंघले निरन्तर पैरवी गरेको छ ।

**आदरणीय साथीहरु**

११) महासंघले २०८० असोज २५ गते राजधानीमा बृहद आर्थिक सम्मेलन आयोजना गरि तत्कालीन समस्या समाधान र दीर्घकालीन सुधारका लागि आयोग गठन हुनुपर्ने माग गरेको थियो । उच्च सरकारी अधिकारीहरुको आग्रहमा महासंघले आयोगको खाका समेत तयार पारेर पेश गरेको थियो ।

सोही अनुरुप पूर्व अर्थ सचिव रामेश्वर खनालको अध्यक्षतामा आयोग गठन भएको छ भने महासंघ अध्यक्ष सहित निजी क्षेत्रको पनि प्रतिनिधित्व छ । यसले अन्तरिम प्रतिवेदन सरकारसमक्ष पेश गरिसकेको जानकारी गराउँदछु । छिट्टै नै अन्तिम प्रतिवेदन सरकारलाई बुझाउनेछ ।

१२) यसैगरी महासंघले स्वदेशी एवं विदेशी लगानी आकर्षित गर्ने यो वर्ष उल्लेखनीय कार्य गरेको अवगत गराउन चाहन्छु । अघिल्लो वर्ष भारत, चीन र दुवईमा आर्थिक सम्मेलन आयोजना गरेको महासंघले यस बर्ष सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीको चीन भ्रमणका क्रममा नेपाल चीन विजनेस समिट आयोजना गर्न सफल भयो । यस्तै विम्सटेक र भारत एवं अन्य मुलुकका विविध सम्मेलनमा सहभागिता जनाई नेपालमा लगानी आकर्षित अन्तर्राष्ट्रिय मञ्च प्रयोग गर्न गर्न महासंघले ठोस पहल गरेको छ ।

१३) विम्सटेक शिखर सम्मेलनका क्रममा बैंककमा हामीले थाइ चेम्बर अफ कमर्श बोर्ड अफ ट्रेडसंग समझदारीपत्रमा हस्ताक्षर गरेका छौं । दुवै देशका प्रधानमन्त्रीको उपस्थितिमा उक्त सम्झौता भएको थियो । त्यसपछि भएको वैठकमा दुइ संस्थाबीच संयुक्त वाणिज्य परिषद गठन गर्ने सहमति भएको छ । यसले थाइल्याण्डसंग निरन्तर सम्वादको ढोका खोलेको छ ।

१४) यसैगरी कतारका अमीर अमीर शेख तमीम विन हमाद अल थानी र नेपालका तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहालको उपस्थितिमा नेपाल र कतारका निजी क्षेत्र सम्मिलित नेपाल कतार संयुक्त वाणिज्य परिषद् स्थापना गर्न महासंघ सफल भएको यहाँहरुलाई विदितै छ । त्यसपछि दोहामा अध्यक्षस्तरिय पहिलो वैठक सम्पन्न भएको छ । महासंघको पहलमा लगानीका लागि गरिएका नीतिगत सुधारपछि दुवै देशका व्यवसायी नेपाल आउन इच्छुक देखिएका छन् । यसका लागि महासंघले बृहद सम्मेलनको तयारी गरिरहेको जानकारी गराउँदछु ।

१५) महासंघ नेपाल लगानीको लाागि सम्भावित क्षेत्र हो भन्ने विषयलाई अन्तर्राष्ट्रिय मञ्चमा स्थापित गर्न निरन्तर प्रयासरत छ। विदेशी र स्वदेशी लगानीकर्ताहरुको माग बमोजिम नीतिगत सुधारमा हामीले नेतृत्वदायी भूमिका निर्वाह गरेका छौ ।

१६) सोही अनुभवको आधारमा देशभित्र बहस र पैरवी गरि लगानी सम्मेलन २०८१ का क्रममा लगानी प्रवर्द्धन सम्बन्धि विभिन्न आठ वटा कानुन सुधारमा महासंघले प्रभावकारी भूमिका निर्वाह गरेको साधारण सभा समक्ष सहर्ष जानकारी गराउन चाहन्छु ।

१७) महासंघकै आग्रहमा द्धिपक्षीय लगानी सम्झौता (BIA) को खाका सरकारले तयार पारेको छ । हालै करिब ३० वटा भन्दा बढी कानुन महासंघको सक्रिय सहभागितामा संसोधन गरिएको छ ।

१८) स्वदेशी र साना लगानीकर्तालाई पनि ठूला क्षेत्रमा लगानीका अवसरको खोजी हामीले यस समयमा गर्‍यौ । सानो पुँजीलाई परियोजनाहरुमा लगानी गर्न नेपाल डेभलपमेन्ट पब्लिक लिमिटेड (NDPL) नामक कम्पनी स्थापना भएको जानकारी गराउन चाहन्छु । महासंघको ढोरपाटन वैठकले उक्त कम्पनी स्थापनाका लागि पहल गर्ने निर्णय गरेको थियो ।

१९) महासंघ सदस्य एवं गैर सदस्यहरुको पनि लगानी रहेको यस कम्पनीले अहिले कार्यालय स्थापना गरि काम शुरु गरिसकेको छ । यसले देशको पूर्वाधार विकासमा निजी क्षेत्रको भूमिकालाई थप प्रभावकारी बनाउने हाम्रो विश्वास छ ।

२०) महासंघ र ट्रेड यूनियन महासंघहरुको प्रतिनिधित्व गर्ने संस्था संयुक्त ट्रेड यूनियन समन्वय केन्द्र बीच (जेटीयूसीसी) समझदारीपत्रमा हस्ताक्षर गरेका छौं । यसबाट रोजगारदाता र श्रमिक बीच असल श्रम सम्बन्धको

विकास , आपसी सहयोग अभिवृद्धि , उत्पादकत्व वृद्धि, श्रमको सुधार एवं समग्र आर्थिक विकासमा सहयोग पुगेको छ ।

## आदरणीय सदस्य एवं प्रतिनिधिज्यूहरु

२१) यो वर्ष सदस्यहरुको सेवा प्रवाह सुधारका लागि सचिवालय सुदृढिकरणसंगै क्षमता विकासका विविध काम भएका छन । प्रसासनिक र लेखा प्रणालीलाई चुस्त र पारदर्शी बनउने निरन्तर प्रयास भैरहेको छ । यहाँहरुलाई विदितै छ, निक्कै बर्षदेखि रोकिएको कर छुटको प्रमाणपत्र हामी गत बर्ष लिन सफल भयौ । यो लेखा प्रणालीमा भएको सुधारबाट सम्भव भएको हो

२२) महासंघको अनुसन्धान एवं विकास कार्यलाई प्रभावकारी बनाउन विजनेस इन्टिलिजेन्स सिस्टम जडान गरिएको छ। उक्त प्रणाली प्रयोग गरि देशैभरका करिब दुईसय पचास संघसंस्थाहरुमा सर्वेक्षण गरिएको छ । व्यवसायिक वातावरणबारे गरिएको उक्त अध्ययन प्रतिवेदन केही दिनमा नै सार्वजनिक गरिनेछ ।

२३) उत्पत्तिको प्रमाणपत्र अनलाइन गर्न सफ्टवेयर बनिरहेको छ । सरकारले सत प्रतिशत अनलाइन नगरिदिएका कारण विलम्ब भएको छ । उत्पत्तिको प्रमाणपत्र सरकारले महासंघलाई विश्वास गरेर दिएको अधिकार हो । पछि अरु संस्थाले पनि अधिकार पाए । संगै विसंगति र विकृति पनि बढेका छन् । तर हामीले पनि त्यस्तै विसंगति अपनायौं भने समस्या हुनसक्छ । धेरै संस्था भएपछि प्रतिष्पर्धा बढने हुँदा हामीहरु बढि पारदर्शि र मिहिनेती हुनुपर्छ । हाम्रो आग्रहमा सरकारले अब उत्पत्तिको प्रमाणपत्र अनलाइन गर्नुपर्ने व्यवस्था गरेको छ । हामीले निरन्तर तालिम उपलब्ध गराएका छौ ।

२४) महासंघको संस्थागत सुधार र सवलीकरणका लागि हामीले यो वर्ष विधान संसोधन गरेको यहाँहरुलाई विदितै छ। महासंघको २०८० चैत्र २८

र २९ गते सम्पन्न ५८ औं वार्षिक साधारणसभाले पदाधिकारीलाई विधान संसोधनको जिम्मेवारी दिएको कुरा अवगत नै छ ।

२५) तदअनुरुप पूर्व अध्यक्षहरु, पदाधिकारी समिति, स्थायी समितिमा छलफल गरि २०८१ असार २४ गतेको कार्यकारिणी समिति बैठकले दफाबार छलफल गरि मस्यौदालाई सर्वसम्मत रुपमा पारित गरि सदस्यहरु समक्ष पठाएको थियो । २०८१ मंसिर २५ गते आयोजित विशेष साधारण सभामा यहाँहरुले सर्वसम्मत रुपमा विधानको सातौं संशोधन पारित गर्नु भएको थियो । उक्त एतिहासिक क्षणका लागि म सम्पूर्ण सदस्यहरुप्रति आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

२६) महासंघको विशेष साधारण सभाबाट पारित भएको विधानलाई मिति २०८१ फाल्गुन ५ गते नेपाल सरकारले स्वीकृति प्रदान गरे संगै नेपाल उद्योग वाणिज्य महासंघको विधान २०४९ (सातौं संशोधन) सोही मितिदेखि लागु भएको साधारण सभा समक्ष जानकारी गराउँदछु । यसका लागि सरकार र संलग्न अन्य सरोकारवालाहरुलाई पनि धन्यवाद दिन चाहन्छु । विधान बमोजिमका नियामावली र अन्य आवश्यक दस्तावेज बनाउन वरिष्ठ उपाध्यक्षको संयोजकत्वमा उपाध्यक्षहरु र सदस्य डी बी बस्नेत सम्मिलित समितिले काम गरिरहेको छ ।

२७) यसै गरि महासंघमा रिक्त रहेको कोषाध्यक्ष पदमा दशौं कार्यकारिणी समितिको वैठकले वर्तमान कार्यकालको बाँकि अवधिका लागि कोषाध्यक्ष मनोनयन गर्न अध्यक्षलाई प्रदान गरेको अधिकार बमोजिम कार्यकारिणी समितिका सदस्य भरतराज आचार्यलाई मनोनयन गरिएको पनि जानकारी गराउँदछु ।

२८) सदस्यहरुको क्षमता विकासका लागि हामीले सहजकर्ता उपलब्ध गराउँदै आएको यहाँहरुलाई विदितै छ । यसैगरि आवश्यक भएका जिल्ला नगर उद्योग वाणिज्य संघहरुलाई लेखाको सफ्टवेयर उपलब्ध गराउने गरि तयारी भैरहेको छ । यहाँहरुले उक्त सुविधा लिन सक्नु हुन्छ । मेला आयोजना

गर्नु हुने जिल्ला नगर उद्योग वाणिज्य संघहरुलाई हामीले निरन्तर सहायता उपलब्ध गराउँदै आएको यहाँहरुलाई विदितै छ ।

२९) साना तथा मझौला उद्यमीका लागि सहायता कक्ष स्थापना गरेका छौ । त्यसबाट यहाँहरुले लाभ लिन सक्नु हुन्छ । हरेक प्रदेशमा महिला उद्यमी बिकास केन्द्र स्थापना गर्ने गरि दातृ निकायहरुसंग छलफल अगाडि बढेको छ । स्टार्ट अपका लागि ग्रोथ सेन्टरहरु स्थापना गर्न सरकारसंग पहल भैरहेको छ ।

३०) महासंघले संस्थागत सामाजिक उत्तरदायित्वलाई पनि महत्व दिएर विभिन्न कार्यहरु गरेको छ। जाजरकोट र रुकुम पश्चिममा गएको भुकम्पको राहतका लागि करिब २० लाख रुपैया बराबरको सहयोग उपलब्ध गराएको छ । असोज महनिाको बाढिबाट प्रभावित विसिभन्न जिल्लाहरुलाई एक लाख रुपैयाका दरले सहयोग प्रदान गर्ने निर्णय महासंघले गरेको छ। यस्तै प्याराओलम्पिकमा रजत पदक ल्याउन सफल पलेशा गोवर्द्धनलाई हौसला प्रदान गर्न पाँच लाख रुपैया बराबरको सहयोग महासंघले प्रदान गरेको जानकारीप गराउँदछु ।

३१) सामाजिक उत्तरदायित्व अन्तर्गत नै महासंघले टर्किमा गउको भुकम्पमा  राहतका सहयोग उपलब्ध गराएको थियो भने हालै म्यानमारमा गएको भुकम्पमा पनि महासंघले डव्लु एफपी वेयरहाउस मार्फत राहत सामग्री उपलब्ध गराएको छ ।

३२) आदरणीय साथीहरु, यहाँहरुलाई विदितै छ कि निजी क्षेत्र चलायमा हुन नसक्दा सबैतिर प्रभाव परेको छ। सरकारको राजश्वमा पनि प्रतिकूल प्रभाव परेको छ । यो सबैतिर जानकारी छ, तर सरकारका केही संयन्त्र यसलाई बुझ्न तयार छैनन् ।

३३) अब हामीले आर्थिक सुधारको नेतृत्व गर्नुपर्छ जस्तो मलाई लागेको छ । स्रोतका लागि सरकारको मुख ताक्ने काम कम गर्नुपर्छ । हामीले योजना ल्याऔं, आफै मिलेर हामी कसरी काम गर्न सक्छौ, त्यसमा छलफल गरौं

। स्थानिय र प्रदेश सरकारसंग सहकार्यका अवसर खोजौ । अब दातृ निकायको उपस्थिति पनि पहिले जस्तो रहनेछैन । अमेरिकी सहयोग त करिब करिब वन्द नै भैसकेको छ ।

३४) हामीले हाम्रा संस्थाहरुलाई कसरी प्रभावकारी बनाउनेबारे अध्ययन बहस गरौ । हामीले पनि केही रणनीतिक योजना बनाएका छौ । नवीन सोच केन्द्र र सबै तहका संस्थाहरुमा आवश्यक छ । सरकार र दातृ निकायको स्रोतको अपेक्षा गर्न हामीले अब वन्द गर्नुपर्छ । यो थोरै आउँछ, उहाँहरुको एजेन्डा अनुसार आउँछ जसले हाम्रो आवश्यकता पुरा नगर्न सक्छ । त्यसतर्फ हामी सचेत हुनुपर्छ ।

३५) निजी क्षेत्रको सम्मान समृद्धिको आधार भन्ने नारालाई क्याम्पेनका रुपमा विस्तार गर्न म आग्रह गर्छु । हामीले निजी क्षेत्रको मयार्दाक्रमको कुरा निरन्तर उठाएका छौं । सरकारले पनि सकारात्मक नै लिएको छ । आशा गरौं यो पनि छिट्टै हुने छ । यसको संगसंगै हामी सम्मानित हुन अरुको पनि सम्मान गर्नुपर्छ । उपभोक्ताप्रति हामी सचेत र जिम्मेवार हुनै पर्दछ ।

३६) नयाँ चरणको सुधार महासंघको आग्रहमा शुरु भएको हो । यसलाई स्थानियस्तरसम्म यहाँहरुले लैजानु पर्दछ । बहस पैरवी यहाँहरुले आ आफ्नो स्थानबाट गर्नुहोस् । स्थानिय आवश्यकता र विश्व परिवेश नियालेर नीति निर्माण प्रक्रियागत सुधारमा महासंघका सबै संयन्त्र लाग्नु आवश्यक छ । आवश्यक सहयोग महासंघले गर्नेछ । हामी अब धेरै बर्ष अभाव, गरिबी र अविकसित भएर बस्नु हुँदैन र बस्न सकिदैन । यसको नेतृत्व महासंघले गरोस भन्ने म आग्रह गर्न चाहन्छु ।

३७) सरकार नयाँ आर्थिक वर्षको बजेटको तयारीमा छ । बजेटमा हाम्रा क्षेत्रगत सुझावहरु के के हुन ? मौद्रिक नीतिमा के कस्ता कुराहर आउनु पर्छ यावत विषयमा हाम्रो स्पष्ट दृष्टिकोण हुन आवश्यक छ । तसर्थ म यी सबै विषयमा यहाँहरुको रचनातमक सुझावको अपेक्षा गर्दछु ।

३८) महासघले संचालन गरेका कार्यक्रम र गतिविधिहरुलाई सफतापूर्वक सम्पन्न गर्न/गराउन  पूर्व अध्यक्षज्यूहरु, पदाधिकारीज्यूहरु, प्रदेश महासंघहरु, समितिका सभापतिज्यूहरु, कार्यकारिणी समितिका सदस्यज्यूहरु, जिल्ला/नगर उद्योग वाणिज्य संघहरु, वस्तुगत संघहरु, द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरु एवं एशासिएटस सदस्य संस्थाका प्रमुखज्यू तथा पदाधिकारी साथीहरुवाट प्राप्त सहयोगको लागि सवैमा धन्यवाद एवं आभार व्यक्त गर्दछु ।

३९) साथीहरु हाम्रो आग्रहमा सुधार शुरु भएको छ, यसको अपनत्व लिएर काम गरौ, डेडिकेटड र टंकलाइनको विवाद पनि अब छिट्टै समाधान हुने विश्वास मैले लिएको छु । हाम्रो प्रयत्नमा कानुनी सुधार भएका छन अब शुसासनका लागि निरन्तर दबाव दिऔ । हाम्रै जोडवलमा जकडिएको उत्पत्तिको प्रमाणपत्र सम्बन्धि अनलाइन व्यवस्था हुने भएको छ अब यसको फाइदा लिनुहोस् । हाम्रा बिषय सुनिन थालेका छन् । हामीलाई समर्थन हुन थालेको छ । हामीले विधान संसोधन गरेका छौ । हामी बलियो हुनुपर्छ । एकअर्काको आड भरोसा हुनुपर्छ । सुधारको नेतृत्व अब हामीले नै गर्ने हो । बार्षिक प्रतिवेदनमा यी बिषय विस्तृतमा छन् ।

४०) अन्त्यमा यहाँहरु सवैलाई यस सभाको बन्द शत्रमा पुनः स्वागत गर्दछु । साथै नवबर्ष २०८२ सालको पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद